# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः २०८२/८३
चलानी नम्बरः

मितिः २०८३/०१/३०

**३० दिने Video Editing, Gimbal Operating तथा Drone Handling सम्बन्धी तालिम सञ्चालनका लागि प्रस्ताव पेस गर्नेसम्बन्धी दोस्रो पटक प्रकाशित सूचना !**

यस परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जोगबुडा, डडेल्धुराको आर्थिक बर्ष २०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत युवाहरूको सीप तथा क्षमता विकास गरी रोजगारीका लागि योग्य जनशक्ति तयार गर्ने उद्देश्यले ३० दिने *"Video Editing, Gimbal Operating तथा Drone Handling तालिम"* सञ्चालन गर्नु पर्ने भएकोले तोकिएको योग्यता तथा अनुभव भएका तालिम प्रदायक संस्था तथा कम्पनीहरूबाट यो सूचना प्रकाशन भएको मितिले ३ दिन (मिति २०८३/०२/१ गते) कार्यालय समयभित्र प्रस्ताव (Proposal) पेस गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

- ✓ तालिमको नामः **Video Editing, Gimbal Operating तथा Drone Handling**
- ✓ तालिम अवधिः ३० दिन
- ✓ तालिम सञ्चालन हुने स्थानः परशुराम नगरपालिका।
- ✓ लक्षित समूहः परशुराम नगरपालिकाको कार्यालयमा निवेदन पेस गरी छनौट भएका।
- ✓ सहभागी संख्याः २५ जना।

**प्रस्तावदाताले पेस गर्नुपर्ने कागजातहरूः**

- नेपाल सरकारमा दर्ता भएको तालिम प्रदायक संस्था हुनु पर्नेछ।
- सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्षको अनुभव भएको हुनु पर्नेछ।
- दक्ष प्रशिक्षक तथा आवश्यक उपकरण (Drone, Gimbal, Editing Setup, आदि) उपलब्ध गराउन सक्ने आधार तथा प्रतिबद्धताको घोषणा गरेको हुनु पर्नेछ।
- कर तथा अन्य कानूनी दायित्व पूरा गरेको हुनुपर्ने।
- PAN/VAT दर्ता प्रमाणपत्र पेस गर्नुपर्ने।
- आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता प्रमाणपत्र र संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि पेस गर्नु पर्नेछ।
- आर्थिक बर्ष २०८२/०८३ मा अनिवार्य रूपमा परशुराम नगरपालिकामा सूचीकृत भएको हुनु पर्नेछ।
- तालिम कार्ययोजना (Training Plan) दैनिक ५ घण्टाका दरले ३० दिनको हुनु पर्नेछ।
- लागत अनुमान (Cost Estimate) र प्रशिक्षकहरूको विवरण (CV) पेस गर्नु पर्नेछ।
- प्रशिक्षकको सम्पूर्ण खर्च तालिम प्रदायक संस्थाले व्यहोर्नु पर्नेछ।
- सहभागीलाई खाजा नास्ता, प्रमाणपत्र र हल व्यवस्थापन नगरपालिकाले गर्नेछ।

.............................
(खगेन्द्र साउँद)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत